पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।
☏: 067 – 411101, 067 – 411102
✉: info@paiyunmun.gov.np
🌐: www.paiyunmun.gov.np

# सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/२१)*

पैयूँ गाउँपालिकाको निर्णयअनुसार वैदेशिक रोजगारको क्षेत्रलाई सुरक्षित, मर्यादित, व्यवस्थित तथा भरपर्दो बनाउने उदेश्यले सूचना तथा परामर्श, न्यायमा पहुँच, वित्तीय साक्षरता सहित मनोसामाजिक परामर्श सेवा र सामुदायिक सचेतीकरणका क्रियाकलापहरु सञ्चालनका लागि यस गाउँपालिकाको कार्यालयमा मनोसामाजिक परामर्शदाता पदमा खुल्ला प्रतिष्पर्धाबाट करारमा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५(पन्ध्र) दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेवसाइट www.paiyunmun.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

| क्र.स | विज्ञापन नं | पद | तह | पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०५/२०८१/८२ | मनोसामाजिक परामर्शदाता | सहायक(पाँचौ) | १ | ७००।- |

१. **आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्कमा स्नातक तह, विएड स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुयट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको ।
- मनोसामाजिक परामर्श सम्बन्धी छ महिने तालीम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाणपत्र प्राप्त उम्मेदवारलाई विशेष प्राथमिकता दिईनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान तथा अनुभव र नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएको व्याक्तिको हकमा ४० बर्ष ननाघेको ।

२. **दरखास्त दिने अन्तिम मितिः** २०८१/११/०५ गते कार्यालय समय सम्म

३. **छनौटको किसिमः** पैयूँ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी, २०७५ अनुसार (सक्षिप्त सूची प्रकाशन, लिखित र अन्तर्वार्ता)

४. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातः** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि र न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र
ख) नेपाल बाहेक अन्य मुलुकका शिक्षण संस्थामा अध्ययन गरेको हकमा समकक्षताको कागजात
ग) २ प्रति पासपोर्ट साइजको फोटो

५. **सेवा सुविधाः** नेपाल सरकारले स्थानीय तहको पाँचौ तहका कर्मचारीका लागि तोकेको तलब सुविधा उपलब्ध हुनेछ।

६. ईमेलबाट आवेदन दिन चाहने आवेदकहरुले यस कार्यालयको कृषि विकास बैङ्क, हुवास, पर्वतमा रहेको आन्तरिक राजश्व खाता नं ०३१८५०१५०८४०१०७६ मा अनुसुची २४ फारम (राजश्व शीर्षक नं. १४२२४) भरी आवेदन दस्तुर जम्मा गरी सो भौचर, आवश्यक कागजातको स्क्यान प्रतिलिपि समेत संलग्न गरी कार्यालयको ईमेल ठेगाना paiyungapa@gmail.com मा पठाउन सकिनेछ।

७. **थप जानकारीको लागिः** ९८५७६२०५४३,९८४६६२७२७६, मा सम्पर्क गर्न सक्नुहुनेछ।

जिवन गैरे
प्रमुख प्रशासकीय अधिकृत